**मिति २०८३।०२।१२ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को १४ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिका वडा नं. ७ मुरलीटार क्षेत्रमा रहेको नदीजन्य पदार्थ जे जस्तो छ सोहि अवस्थामा बिक्रि गर्ने गरी ई-बोलपत्र (ठेक्का नं.- 02/IR/NCB/GM/082/83) बन्दोबस्त गर्न मिति २०८२/१०/२९ मा प्रकाशित सूचना बमोजिम रित पुर्बक पर्न आएका बोलपत्रहरु मध्येबाट सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ उप दफा (२) को प्रयोजनार्थ सारभूत रुपमा प्रभावग्राही उच्चतम मुल्यांकित पहिलो र दोस्रो वित्तीय उपक्रममा रहेको फर्म समेत तोकिएको समयभित्र यस कार्यालयमा सम्झौता गर्न नआएकोले, तेस्रो वित्तीय उपक्रममा रहेको फर्म श्री जिम्मल बिल्डर्स प्रा.लि., भरतपुर-२२, चितवनलाई मिति २०८३/०२/११ गतेसम्मको समयसिमा तोकी सम्झौताको लागि पत्राचार गरिएकोमा उक्त फर्म तोकिएको समय भित्र सम्झौता गर्न नआएकोले,गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ को नियम १४० को उपनियम (३) बमोजिम चौथो फर्म श्री किंगफिसर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.कालिका-२, चितवनलाई सम्झौताको लागि पत्राचार गर्ने र सम्झौता नगर्ने फर्म श्री जिम्मल बिल्डर्स प्रा.लि., भरतपुर-२२, चितवनलाई गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १४० को उपनियम (३) बमोजिम तथा मिति २०८३।०१।११ गतेको १२ औं नगर कार्यपालिका बैठकको निर्णय नं. ५ बमोजिम कै प्रक्रिया अपनाई आबश्यक कानुनी कारबाही समेत अगाडी बढाउने । साथै चौथो वित्तीय उपक्रमको फर्म सम्झौता गर्न आएमा उत्खनन गर्ने समय सिमा कम भएकोले सो समेतलाई विचार गरी गैंडाकोट नगरपालिकाको नदिजन्य पदार्थ व्यवस्थापनमा मेशिनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधि- २०७९ बमोजिम हेभी ईक्वीपमेन्ट प्रयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** गैंडाकोट नगरपालिका वडा नं. ३ केलादी घाटको नदीजन्य पदार्थ उतखनन तथा बिक्री वितरण सम्बन्धी ठेक्का सम्झौता प्रक्रियामा सारभुत रुपमा प्रभावग्राही उच्चतम मूल्याङ्कित फर्म श्री शिव निर्माण सेवा ब्यास- ११, तनहुँको तर्फबाट निरन्तर भएको बर्षाका कारण बाटो बिग्रिन गई उक्त क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन तथा दुवानी गर्न नसकिने अवस्था रहेको भनी निवेदन पेश गरेको सम्बन्धमा निर्देशक समिति सहित स्थलगत निरीक्षण गरी उक्त बाटोको अवस्था बारे प्राविधिक प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं.३** गैंडाकोट नगरपालिका कार्यालयमा निवेदन पेश गरेका देहाय बमोजिमका संघ एवं संस्थालाई तोकिए बमोजिमको शिर्षक (अन्य संस्था सहायता र आकस्मिक तथा अन्य भैपरी आउने पूँजीगत शिर्षक ) बाट विनियोजन भएको रकमबाट खर्च लेख्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

- पशुपति साङ्गवेद आवासीय संस्कृत मा.वि. देवचुली-१५, नवलपरासी (ब.सु.पू.) लाई रु. १ लाख
- नेपाल चिकित्सक संघ,काठमाण्डौलाई रु. १ लाख

**निर्णय नं.४** स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आए बमोजिम विपद् व्यवस्थापन कोषमा रु.४५लाख बजेट सामाजिक सुरक्षा कोषबाट रकमान्तर / शिर्षकान्तर गर्ने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं.५** आ.व.२०८२/०८३ मा संचालनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिलाहरुलाई पोषण सुधार कार्यक्रम मार्फत प्रदान गरिने आर्थिक अनुदान रकम यस गैंडाकोट नगरपालिकाको भौगोलिक रुपमा विकट मानिने वडा नं.१८ का सुनौलो हजार दिनका महिलाहरुलाई प्रदान गर्नका लागि नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितीबाट गरिएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.६** भुमि व्यवस्था,सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.४४४ मिति २०८३।०२।०४ गतेको निर्णय कार्यान्वयनको विषयमा भएको परिपत्र बमोजिम गैंडाकोट नगरपालिकाले हालसम्म घर नक्साको अभिलेखीकरण प्रयोजनका लागि संकलन/ दर्ता भएका निवेदनहरुको हकमा २०८३ असार मसान्त सम्म नियमानुसार अभिलेखीकरण गरिदिने, २०८३।०२।१३ गते देखि लागू हुने गरी नयाँ अभिलेखीकरण प्रयोजनको लागि निवेदन संकलन/ दर्ता नगर्ने गरी कार्यालयलाई सार्वजनिक सूचना जारी गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७** गैंडाकोट नगरपालिका नगर क्षेत्र भित्रका कृषक एवं ट्र्याक्टर सञ्चालकहरुको हितलाई मध्य नजर गर्दै नगर भित्रको कृषि प्रयोजनका लागि गरिने खनजोत एवं चुटानी लगायतको कार्य गर्नका लागि नगरक्षेत्र भित्र दररेट/ सेवा शुल्क मा एकरुपता कायम गर्न देहाय बमोजिमको दररेट/ सेवा शुल्क तोक्ने एवं कार्यालयलाई सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्न निर्देशन दिने निर्णय गरियो ।

- कल्टिभेटरबाट जोताई – प्रति घण्टा रु.३,०००/-
- हाईरो/तावा हलोबाट जोताई - प्रति घण्टा रु.३,०००/-
- रोटाभेटरबाट जोताई – प्रति घण्टा रु.३,३००/-
- थ्रेसर- प्रति घण्टा रु.३,३००/-

**निर्णय नं.८** हाल सञ्चालन गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवाहरु (वित्तीय साक्षरता, समुदाय सचेतना) लाई एकीकृत गरी सामाजिक विकास महाशाखा/रोजगार सेवा केन्द्र मातहत र मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, प्रकोप/विपद लगायतको समस्यामा समेत उपलब्ध हुने व्यवस्था गर्दै स्वास्थ्य शाखा मातहत सञ्चालन गर्ने, उक्त सेवा प्रवाहमा खटिने कर्मचारीहरुले कार्य प्रगति प्रतिवेदन सम्बन्धित शाखा प्रमुखहरुलाई मासिक रुपमा कार्य सम्पादन प्रतिवेदन पेस गर्ने तथा सेवा प्रवाहको अनुगमन सम्बन्धित शाखा र नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा कम्तिमा ३ महिनामा १ पटक हुने व्यवस्था मिलाउने र हाल संघीय सरकार, गण्डकी प्रदेश सरकार र नगरपालिकाको लागत साझेदारीमा गरिरहेको सेवा प्रवाहलाई संस्थागत रुपमा निरन्तर सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. ९** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १५ | साविक बेल्डिया ४ को बोरिङमा पाईप विस्तार क्र.सं. ६५० | रु.२,००,०००/- | साविक बेल्डिया ४ बोरिङमा कुलो निर्माण | रु.२,००,०००/- |
| १३ | लक्षित वर्ग कार्यक्रम क्र.सं.५६६ | रु.५,००,०००/- | सप्तगण्डकी मार्ग स्तरोउन्नती | रु.१,००,०००/- |
| ५ | विद्युत,सूचना तथा नविनतम् कार्यक्रम क्र.सं.४०१ | रु.३,००,०००/- | सरस्वती पार्क निर्माण | रु.१,५०,०००/- |
| | | | आरामदायी सिमेन्ट बेन्च खरिद | रु.१,००,०००/- |
| | | | वडा भित्रको विद्युत पोत तार फिटिङ्ग | रु.५०,०००/- |
| ५ | महिला बालवालिका ज्येष्ठ तथा अपाङ्गता क्र.सं.३९० | रु.४,००,०००/- | सरस्वती पार्क निर्माण | रु.५०,०००/- |
| ५ | टोल विकास तथा महिला समुहको क्षमतावृद्वि क्र.सं.३८९ | रु.२,००,०००/- | राधाकृष्ण मन्दिरमा रहेको क्रियापुत्री भवन मर्मत | रु.२,००,०००/- |
| १ | वडा कार्यालय परिसर व्यवस्थापन | रु.७,७५,०००/- | बाटो ढलान केवलकार दक्षिण तर्फ | रु.७,७५,०००/- |

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner